जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १८० • २०८३ बैशाख ८ गते मंगलवार • 21 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## बालविवाह न्युनिकरण गर्न: अन्तर पुस्ता संवाद

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ७ बैशाख




धनुषामा बालविवाह न्युनिकरण गर्न अन्तर पुस्ता संवाद कार्यक्रम गरिएको छ ।

बालविवाह निषेधिकरण तथा बालिका शिक्षा प्रवर्द्धन कार्यक्रम अन्तर्गत लाइफ नेपालले सोमबार जनकपुरधाममा आयोजना गरेको अन्तर पुस्ता संवाद कार्यक्रममा बालविवाह न्युनिकरणमा सरोकारबालाको भूमिका, आगामी योजनासँगै बालविवाह घटनाले रेफर गर्ने बारे साझा एक्यबद्धता सम्बन्धमा छलफल गरिएको हो ।

बालविवाहले प्रत्यक्ष रुपमा मानिसको स्वास्थ्य र शिक्षामा असर पर्ने भएकोले गर्न नहुनेमा सरोकारबालाहरुले जोड दिए । पहिलो पुस्ता र दोस्रो पुस्ताले बालविवाह गर्दा उनीहरुले भोग्नु परेको दु:ख पीडालाई महशुस गर्दै कानुनी रुपमा पनि २० वर्षदेखि माथि पुगेपछि मात्रै विवाह गर्नुपर्ने तर्क गरे । बालविवाह गर्न नहुने कुरा सबै गाउँबस्तीमा पुगेर सचेतीकरण गर्नुपर्ने छ', जिल्ला प्रहरी कार्यालय धनुषा अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रमुख टेकबहादुर कार्कीले बालविवाह सम्बन्धी उजुरीमा कमी आएको बताए । अभिभावक सचेत हुँदै जाँदा बालविवाह सम्बन्धी उजुरी घटेर गएको छ, कार्कीले भने-अहिले भागी बिबाह चुनौतीपूर्व बनेको छ ।

उमेर नपुग्दै भागेर गर्ने बिबाहले अहिले समाजिक विकृति बढाएकोले यसप्रति सचेत हुनुपर्ने धारणा कार्कीको थियो । जनकपुरधाम उपमहानगरपालिकाका कानून अधिकृत मन्सुर राइनले बालविवाह न्युनिकरणमा न्यायिक समितिले सक्रिय भुमिका खेल्नुपर्ने तर्क गरे । स्थानीय तह सक्रिय भए यस प्रकारको सामाजिक विकृति न्युनिकरण हुँदै जाने विश्वास कानून अधिकृत राइनको छ । धर्मगुरु मौलबी मो. हारुन बर्कातीले बालविवाहमा कमी आएको बताए । सरोकारबालाहरु सक्रिय हुँदा बालविवाहमा कमी आएको उनको तर्क थियो । लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले 'जिल्लामा बालविवाह विरुद्धको अन्तरपुस्ता संवाद कार्यक्रम समेत गर्दै आएको बताए । लाइफ नेपालले धनुषा जिल्लाको लक्ष्मीनियाँ गाउँपालिका, मिथिला बिहारी नगरपालिका, मिथिला नगरपालिका, जनकपुरधाम उपमहानगरपालिका

बांकी पृष्ठ २ मा ।

## नियमित पठनपाठन सञ्चालन गर्न कडा निर्देशन




जलेश्वरटुडे समाचारदाता
धनुषा, ७ बैशाख

धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकाले क्षेत्रका सबै विद्यालयमा नियमित पठनपाठन सञ्चालन गर्न कडाइका साथ निर्देशन दिएको छ ।

गाउँ कार्यपालिकाको कार्यालयले जारी गरेको सूचनामा सामुदायिक तथा संस्थागत विद्यालयलाई शैक्षिक गतिविधि अवरुद्ध नगर्न र भर्ना अभियान प्रभावकारी रूपमा सञ्चालन गर्न आग्रह गरिएको छ । गाउँपालिकाका अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रको निर्णयअनुसार शैक्षिक सत्र २०८३ को भर्ना अभियान वैशाख १५ गतेदेखि ३१ गतेसम्म सञ्चालन हुनेछ । सो अवधिभित्र सबै विद्यालयले भर्ना प्रक्रिया पूरा गरी जेठ १ गतेदेखि नियमित कक्षा सञ्चालन गर्नुपर्ने स्पष्ट गरिएको छ । सूचनामा नेपालको संविधान र प्रचलित कानुनअनुसार आधारभूत तथा माध्यमिक तहको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा रहेको उल्लेख गर्दै गाउँ शिक्षा समितिको निर्णयबमोजिम यस्तो निर्देशन जारी गरिएको जनाइएको छ । पाठ्यपुस्तक उपलब्ध नभए पनि कक्षाकोठामा आधारभूत रूपमा पढाइ सुरु गर्न शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई सचेत गराइएको छ । यसबाट शैक्षिक गतिविधि निरन्तर राख्न सहयोग पुग्ने गाउँपालिकाको विश्वास छ ।

त्यसैगरी, आइतबारदेखि शुक्रबारसम्म नियमित रूपमा विद्यालय सञ्चालन हुने पनि सूचनामा उल्लेख छ । विद्यार्थी भर्ना दर वृद्धि र पठनपाठनलाई प्रभावकारी बनाउन स्थानीय तहले सक्रियता बढाएको जनाइएको छ । यसअघि संघीय सरकारले सातामा दुई दिन शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय राजपत्रमार्फत लागू गरिसकेको भए पनि गाउँपालिकाले स्थानीय आवश्यकता अनुसार आफ्नै निर्णय लागू गरेको हो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

## जनकपुरधाम उपमहानगरभित्रका सबै विद्यालयहरुलाई बैशाख १५ गतेदेखि भर्ना अभियान तथा कक्षा संचालन गर्न निर्देशन

— सूचनाको विपरित भर्ना अभियान र कक्षा संचालन गरेको पाइएमा नियमानुसार कारवाही समेत हुने —

पवनकुमार साह
जनकपुरधाम, ७ बैशाख



जनकपुरधाम उपमहानगरपालिका अन्तर्गत शिक्षा,युवा तथा खेलकुद विकास शाखाको शाखा प्रमुख अन्जु पाण्डेयले सोमबार एउटा सूचना जारी गर्दै सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई शैक्षिक सत्र २०८३ को लागि बैशाख १५ गतेदेखि भर्ना अभियान तथा कक्षा संचालन गर्न कडा निर्देशन दिनु भएको छ ।

शाखा प्रमुख पाण्डेयको यो अद्वितिय निर्देशनले जनकपुरधाम उपमहानगर भित्र विद्यालय संचालन सम्बन्धी देखिएको अन्योलता हटेसँगै अभिभावक,विद्यार्थी, सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा नीजि विद्यालयका संचालकहरुमा खुशियाली देखिएको छ ।

शाखा प्रमुख पाण्डेयको यो अनुकुल निर्णयले नीजि विद्यालयसँग आवद्ध अभिभावक,विद्यार्थी तथा नीजि विद्यालयका छाता संगठनसँगै संचालकहरु वीच सकारात्मक संदेश गएको कुरा मधेस प्याब्सनको जिल्ला अध्यक्ष सुजित मिश्रले बताउनु भएको छ । नेपाल सरकार मन्त्रीपरिषदको २०८२ साल चैत्र २२ गतेको निर्णयानुसार श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीको च.नं. ६७ मिति २०८२ साल चैत्र १६ गतेको निर्णय कार्यान्वयन सम्बन्धी पत्र बमोजिम नगर शिक्षा समितिको २०८२ साल चैत्र ३० गतेको निर्णयबाट यस उपमहानगरभित्रका विद्यालयहरु सुचारु हुने भएको व्योहोरा शाखा प्रमुख पाण्डेयको हस्ताक्षरित पत्रमा लेखिएको छ । विभिन्न प्रबर्द्धनात्मक तथा रचनात्मक शैक्षिक कार्यहरु गर्न गराउन तथा सूचनाको विपरित भर्ना अभियान र कक्षा संचालन गरेको पाइएमा नियमानुसार कारवाही समेत हुने पत्रमा लेखिएको छ ।

शान्ति सद्भाव कायम गरौं ।

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिँडौं,
- सबै प्रणालीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सदभाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरु नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# अर्थतन्त्रको बृहत खाका जरुरी

राजनीतिक स्थायित्व र संघीयताको सफल कार्यान्वयनसँगै अबको एउटै लक्ष्य विकास र समृद्धि रहेको छ। राजनीतिक नेतृत्व समेत अबको आवश्यकता आर्थिक सफलता र विकास भन्दै छ । सेवा, उत्पादन, वातावरण अनि रीतिरिवाजको सन्तुलित प्रतिबिम्बन सहितको 'सेउवारी' नामक विकासको पृथक् मोडलसमेत यदाकदा सार्वजनिक वृत्तमा चर्चामा रहेको देखिन्छ । आफ्नो देशको सबल विकास भन्ने भावको नेतृत्व नै पछिल्लो राजनीतिमा संसारभर सर्वाधिक बलियो बन्दै गएको देखिन्छ। बहुमूल्य खनिजको उत्खनन र उपभोगमा जोड दिनुपर्ने देखिन्छ। हामीकहाँ पाइने युरेनियमको मात्र उत्खननले एक सय वर्षसम्म आर्थिक प्रशस्ति हुने अनुसन्धान भएको देखिन्छ । स्थानीय सरकार यस्ता सम्भावनाको खोजी, विकास र विस्तार गर्ने सबैभन्दा सुहाउँदो निकाय बन्नुपर्ने देखिन्छ । यसले गरिबी निराकरण, रोजगारी निर्माण अनि व्यापार प्रवर्धनमा सघाउन सक्छ; केन्द्रीय सरकारले समन्वय गर्नुपर्ने देखिन्छ । तत्कालको अविकासका लागि हामी भ्रष्टाचारलाई प्रमुख समस्या मान्दै छौं ।

भयावह शिक्षालाई गुणात्मक र प्रायोगिक हिसाबले सुधार्न जोडबल गर्नुपर्छ । प्रदेशका सरकारहरूले दुई सरकारबीच सशक्त पुल बन्नुपर्छ। बेलायत तथा जर्मनीले २०४० बाट पेट्रोलबाट चल्ने सवारीमा प्रतिबन्ध लगाउँदै छ । अबको केही दशकपछि संसारभर तेलको हाहाकार हुँदा विद्युत्मात्र एक वैकल्पिक ऊर्जा हुने देखिन्छ । त्यस बखत आज मध्यपूर्व भनिएका देशहरूले तेल बेचेजस्तै हामीले ऊर्जा बेच्न सक्नुपर्छ । हरेक सम्भावना खोतल्दै आत्मनिर्भर अर्थतन्त्रको बृहत् खाका बनाउनुपर्ने देखिन्छ र सबै तहका सरकारहरूले सकेसम्मको योगदान गर्नुपर्छ ।

# अर्थतन्त्रको लागत घटाउने र शिक्षा प्रणाली सुधार गर्ने उद्देश्य सहित आमरण अनसन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ७ बैशाख**

सामाजिक अभियन्ता धर्मेन्द्र कुमार कर्णले अर्थतन्त्रको लागत घटाउने र शिक्षा प्रणाली सुधार गर्ने उद्देश्य सहित आइतबारदेखि जनकपुरधाममा आमरण अनसन सुरु गरेका छन् ।

जनक चोकस्थित जनक मन्दिर अगाडि सत्याग्रहमा बसेका कर्णले पाँच बुँदे माग सार्वजनिक गर्दै संघीय तथा प्रदेश सरकारको ध्यानाकर्षण गराएका हुन् । उनले आफूले प्रस्ताव गरेको परिमार्जित शिक्षण विधि कार्यान्वयनमा देखिएका अवरोध हटाउन माग गरेका छन् । अभियन्ता कर्णका अनुसार आधुनिक र सुधारिएको शिक्षण प्रणाली लागू गर्न सके माध्यमिक तहको शिक्षा गुणस्तरीय बन्ने मात्र नभई समग्र



अर्थतन्त्रको लागतसमेत घटाउन सहयोग पुग्नेछ। तर, यस्तो प्रणाली कार्यान्वयनका लागि आवश्यक पूँजी व्यवस्थापनमा समस्या रहेको र सरकारबाट अपेक्षित सहयोग नपाएको उनले गुनासो गरे ।

उनले हालै सार्वजनिक संघीय सरकारको राष्ट्रिय प्रतिबद्धता पत्रमा आफ्ना माग सम्बोधन हुने संकेत देखिएको उल्लेख गर्दै विश्वसनीय प्रतिक्रिया आएमा अनसन स्थगित गर्न सकिने बताएका छन्। यसअघि कर्णले मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवसमक्ष आफ्नो प्रस्ताव प्रस्तुत गर्न खोजे पनि बेवास्ता गरिएको आरोप लगाएका छन् । अनसन सुरु गरेकै दिन आइतबार दिउँसो प्रहरीले कर्णलाई नियन्त्रणमा लिएको थियो । तर, कानुनी आधार स्पष्ट नभएपछि सोही रात उनलाई रिहा गरिएको थियो । रिहा भएलगत्तै कर्ण पुन: अनसनस्थलमै फर्केर आन्दोलनलाई निरन्तरता दिइरहेका छन् । कर्णले अघि सारेका मागहरूमा माध्यमिक शिक्षामा गुणस्तर सुधार तथा लागत न्यूनीकरण सम्बन्धी प्रस्तावप्रति प्रदेश सरकारको स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने, निजी क्षेत्रबाट भइरहेको लागत घटाउने प्रयासमा देखिएका अवरोध संघीय सरकारले हटाउनुपर्ने, नेपाल वान टेलिभिजन सञ्चालनमा भएको भनिएको नीतिगत अनियमितताबारे छानबिन गर्नुपर्ने, जनप्रतिनिधिसमक्ष दर्ता गरिएका गुनासोमा ४८ घण्टाभित्र प्रारम्भिक प्रतिक्रिया दिने व्यवस्था लागू गर्नुपर्ने तथा जानकी मन्दिरलगायत धार्मिक स्थलसँग सम्बन्धित जग्गा दर्ता समस्या समाधान गर्नुपर्ने विषय समावेश छन् ।

# नेपाल रेल्वे कम्पनी लिमिटेड आर्थिक संकटमा: रेल सेवा अब कसरी टिक्ला ?

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ७ बैशाख**

नेपालको एकमात्र रेल सेवा सञ्चालन गर्दै आएको नेपाल रेल्वे कम्पनी लिमिटेड आर्थिक संकटमा परेको तथ्यांकले देखाएको छ। आम्दानीको तुलनामा अत्यधिक खर्च बढ्दै जाँदा कम्पनीको वित्तीय अवस्था कमजोर बन्दै गएको छ भने दीर्घकालीन स्थायित्वमै प्रश्न उठ्न थालेको हो । कम्पनीका पूर्वमहाप्रबन्धक निरञ्जन झाका अनुसार हाल मासिक करिब ७५ लाख रुपैयाँ आम्दानी हुँदा खर्च भने १ करोड २९ लाख रुपैयाँ पुग्ने गरेको छ। आम्दानीले खर्च धान्न नसक्दा कम्पनी सरकारको जमानीमा ऋण लिएर सञ्चालनमा रहेको छ। २०८१ असार मसान्तसम्म कम्पनीको कुल ऋण साँवा-ब्याजसहित ७९ करोड रुपैयाँ नाघिसकेको छ ।

कम्पनीको व्यावसायिक कार्ययोजना २०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म १९ करोड २१ लाख रुपैयाँ आम्दानी हुँदा ६७ करोड ३७ लाख रुपैयाँ खर्च भएको छ । पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा मात्रै ८ करोड ५० लाख आम्दानी हुँदा



२६ करोड २७ लाख रुपैयाँ खर्च भएको देखिन्छ। पाँच वर्षको समग्र तथ्यांकले आम्दानीभन्दा खर्च झन्डै तीन गुणा बढी रहेको स्पष्ट पार्छ । हाल भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालन भइरहेको रेल सेवा दैनिक तीन पटक चल्ने गरेको छ । सेवा यात्रुका लागि उपयोगी भए पनि आर्थिक हिसाबले भने कम्पनीलाई ठूलो घाटा व्यहोर्नु परेको छ । घाटाको मुख्य कारणमध्ये विदेशी प्राविधिक जनशक्तिमा हुने उच्च खर्चलाई लिइएको छ ।

कम्पनीले १७ जना भारतीय प्राविधिक कर्मचारीका लागि कोंकन रेलवे कॉर्पोरेशनलाई मासिक करिब १ करोड १२ लाख रुपैयाँ भुक्तानी गर्दै आएको छ । यसको तुलनामा नेपालीतर्फ १०३ कर्मचारीको कुल तलब मात्र १७ लाख रुपैयाँ रहेको छ । यसले लागत संरचनामा ठूलो असन्तुलन देखाउँछ । यसका अतिरिक्त महाप्रबन्धक पद लामो समयसम्म रिक्त रहनु, स्थायी प्राविधिक जनशक्ति अभाव, मर्मतसम्भारका लागि वर्कसप नहुनु, स्वदेशी चालक तथा स्टेशन मास्टरको कमी र फ्युलिङ स्टेसनको अभावले पनि सञ्चालन खर्च बढाएको छ। इन्धनसमेत भारतबाट ल्याउनुपर्ने बाध्यता कम्पनीका लागि थप आर्थिक बोझ बनेको छ ।

२०७८ चैत १९ देखि पुन: सञ्चालनमा आएको रेल सेवा हाल ५२ किलोमिटर क्षेत्रमा विस्तार भइसकेको छ। तर, सेवा विस्तारसँगै आय वृद्धि हुन नसक्दा कम्पनीको वित्तीय अवस्था थप जटिल बनेको देखिन्छ। आम्दानी बढाउन कम्पनीले विभिन्न विकल्प अघि सारेको छ । भारतको रक्सौलस्थित २८ एकड जग्गा भाडामा दिँदा वार्षिक करिब ८ करोड रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ । त्यस्तै, पुरानो न्यारो गेजका कोइला इन्जिन लगायत सामग्री प्रयोग गरी रेल संग्रहालय स्थापना गरेर पर्यटनमार्फत आय वृद्धि गर्ने योजना पनि बनाइएको छ ।

*बालविवाह न्युनिकरण गर्न.........*

लगायतको पालिकाहरुमा बालविवाह विरुद्ध कार्यक्रम संचालन गरिरहेको अध्यक्ष ठाकुरले बताए । 'बिहेबारी २० वर्षपारी' भन्ने नारालाई प्राथमिकतामा राखेर नेपाल सरकारले सन् २०३० सम्म बालविवाह मुक्त समाज बनाउने लक्ष्य लिएको छ । धर्मगुरु, प्रहरी, किशोर किशोरी, टेन्ट हाउस संचालक, प्रिन्टिङ प्रेस संचालक, शिक्षक, स्वास्थ्यकर्मी, कानून व्यवसायी, बैण्डबाजा, र पालिका प्रतिनिधि, युवायुवती पुस्ताका बिचमा संवाद भएको थियो । कार्यक्रममा लाइफ नेपालका लक्ष्मी शाह, डली शर्मा, पूजा शर्मा, सहिदा खातुन लगायतको उपस्थिति रहेको थियो ।

## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता

वृष: खानपानमा समस्या आउने

मिथून: अशुभ समाचार प्राप्त हुने

कर्कट: मनमा पछुतो आउने

सिंह: आम्दानी हुने

कन्या: पिछ्डेको साथी मिल्ने

तुला: पढाईमा ध्यान दिनुपर्ने

वृश्चिक: मित्रतामा फाटो आउने

धनु: अनावश्यक खर्चको संभावना

मकर: लामो यात्राको योग छ

कूम्भ: विचार गरेर बोल्नुहोला

मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# संयुक्त राष्ट्रसङ्घको आगामी महासचिवका लागि यी हुन् चार दाबेदार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ बैशाख**



संयुक्त राष्ट्रसङ्घको आगामी महासचिव चयन प्रक्रिया यसपटक असामान्य रूपमा खुम्चिएको छ । जहाँ सन् २०१६ को १३ जना उम्मेदवारको खुला प्रतिस्पर्धाको तुलनामा अहिले केवल चार जना दाबेदार मात्र औपचारिक मैदानमा देखिएका छन् ।

वर्तमान महासचिव एन्टोनियो गुटेरेसको कार्यकाल आगामी डिसेम्बर ३१ मा सकिँदै गर्दा सुरु भएको यस प्रक्रियामा चिलीकी पूर्वराष्ट्रपति मिशेल ब्याचेलेट, अर्जेन्टिनाका राफेल मारियानो ग्रोसी, कोस्टा रिकाकी रेबेका ग्रिन्स्पान र सेनेगलका पूर्वराष्ट्रपति म्याकी सलले राष्ट्रसङ्घीय महासभामा आफ्ना दृष्टिकोण प्रस्तुत गर्नेछन् ।

विश्लेषकहरूका अनुसार उम्मेदवारको यो न्यून सङ्ख्या केवल संयोग नभई विश्व राजनीतिमा बढ्दो ध्रुवीकरण, कूटनीतिक जोखिम र कमजोर बन्दै गएको बहुपक्षीय प्रणालीको प्रत्यक्ष प्रतिबिम्ब हो । पछिल्लो समय अमेरिका, चीन र रुसजस्ता शक्तिशाली राष्ट्रहरूबीच बढ्दो अविश्वासका कारण यो प्रतिस्पर्धामा उत्रिनु नै कूटनीतिक रूपमा चुनौतीपूर्ण बनेको छ, किनकि कुनै पनि शक्तिशाली देशको असहमतिले उम्मेदवारको कूटनीतिक भविष्यमा गम्भीर असर पार्न सक्छ । संयुक्त राष्ट्रसङ्घले युक्रेन, गाजा र इरानजस्ता गम्भीर द्वन्द्वहरूमा प्रभावकारी हस्तक्षेप गर्न नसक्दा र सुरक्षा परिषद्का स्थायी सदस्यहरूबीचको 'भिटो' शक्तिको टकरावले गर्दा यस संस्थाको प्रभावकारितामाथि नै प्रश्न उठिरहेको छ । यसपटकको मनोनयन प्रक्रिया पनि निकै जटिल देखिएको छ, जहाँ केही उम्मेदवारलाई आफ्नै देशले समर्थन नगरेको वा सरकार परिवर्तनसँगै समर्थन फिर्ता लिइएका उदाहरणहरू छन् ।

यस प्रतिस्पर्धामा लैङ्गिक प्रतिनिधित्वको सवाल पनि उत्तिकै बलियोसँग उठेको छ । दुई जना महिला उम्मेदवार सहभागी रहेको यस प्रक्रियामा राष्ट्रसङ्घको इतिहासमै पहिलोपटक महिला नेतृत्व चयन गर्नुपर्ने माग विश्वव्यापी रूपमा भइरहेको छ ।

# दयाहाङले घोषणा गरे 'वर्ल्ड अफ डान्स' को दोस्रो संस्करण

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ बैशाख**



विश्वव्यापी ख्यातिप्राप्त नृत्य प्रतियोगिता 'वर्ल्ड अफ डान्स' को नेपाली संस्करण 'वर्ल्ड अफ डान्स नेपाल २०२६' को औपचारिक घोषणा गरिएको छ । ललितपुरमा आयोजित एक कार्यक्रमका बिच प्रतियोगिता, निर्णायक समिति, पुरस्कार सार्वजनिक गरिएको हो ।

कार्यक्रममा चर्चित अभिनेता दयाहाङ राईले प्रतियोगिताको ट्रफि सार्वजनिक गरेका छन् । कार्यक्रममा अभिनेता दयाहाङ राईले नृत्य आफूलाई अभिव्यक्त गर्ने एक सशक्त माध्यम भएको बताए । आफ्नो रहनसहन र संस्कृतिलाई सँगै लिएर हिँड्न नृत्य सहायक हुने उनको धारणा रहेको थियो । सन् २००८ मा दक्षिणी क्यालिफोर्नियाबाट सुरु भई ५० भन्दा बढी देशमा फैलिसकेको यो प्रतियोगिता नेपाल ल्याउनुको उद्देश्य नेपाली प्रतिभालाई विश्व मञ्चमा चिनाउने रहेको आयोजक पक्षले जानकारी दिएको छ । प्रतियोगितामा बलिउडका प्रख्यात कोरियोग्राफर तथा समकालीन नृत्यका बादशाह टेरेन्स लुइस, नेपाली किरण थापा र जेडी तमु जर्जको रूपमा रहनेछन् ।

कार्यक्रममा बोल्दै 'वर्ल्ड अफ डान्स नेपाल' का राष्ट्रिय निर्देशक रोशन गहतराजले नेपाली डान्सरहरूले पनि उत्सव मनाउन सक्ने स्तरको अन्तर्राष्ट्रिय प्लेटफर्म नेपालमै आओस् भन्ने चाहना अनुरूप यो कार्यक्रम ल्याइएको बताए । प्रतियोगितामा विजेताले १ लाख रुपैयाँ नगद पुरस्कार, २४ क्यारेट गोल्ड प्लेटेड ट्रफी र विभिन्न गिफ्ट ह्याम्परहरू प्राप्त गर्नेछन् । वैशाख १९ गते नेपालगन्ज, वैशाख २२ गते बुटवल, वैशाख २६ गते पोखरा, वैशाख ३० गते काठमाडौं र जेठ २ गते इटहरीमा छनौट चरणको अडिसन हुने प्रतियोगिताको सेमिफाइनल जेठ २१ गते र फाइनल जेठ २३ गते हुनेछ ।

# पेट्रोलियम पदार्थको मूल्य घटाउन माग गर्दै निगमलाई ज्ञापनपत्र

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ बैशाख**



राष्ट्रिय जेन-जी नागरिक अभियानले पेट्रोलियम पदार्थको मूल्य घटाउनुपर्ने माग गर्दै सोमबार नेपाल आयल निगमलाई पाँच बुँदे ज्ञापनपत्र बुझाएको छ । यसअघि शनिबार काठमाडौँमा पत्रकार सम्मेलन गरी २४ घण्टाभित्र मूल्य नघटाए निगम घेर्ने चेतावनी दिएको सो संगठनका प्रतिनिधिहरूले सोमबार निगमको कार्यालयमा पुगेर दबाब दिएका हुन् । सो अवसरमा केही समय नाराबाजी समेत भएको थियो, जसलाई प्रहरीले हस्तक्षेप गरी रोकेको थियो ।

अभियानका प्रवक्ता वीरजंग विश्वकर्माले इन्डियन आयल कर्पोरेसनबाट खरिद हुने पेट्रोलियम पदार्थको मूल्य निर्धारण प्रक्रियामा पारदर्शिता नभएको भन्दै खरिद मूल्य, कर संरचना र विस्तृत मूल्यसूची सार्वजनिक गर्न माग गरे । उनले मूल्य स्थिरीकरणका लागि उपलब्ध कोषको तत्काल प्रयोग गरी उपभोक्तालाई राहत दिनुपर्ने, निगमको प्रशासनिक खर्च कटौती गर्नुपर्ने र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रणका लागि कडा अनुगमन गर्नुपर्नेमा जोड दिए । त्यस्तै, वर्तमान आर्थिक सङ्कट अन्त्य नभएसम्म पेट्रोलियम पदार्थको मूल्यवृद्धि पूर्ण रूपमा रोक्नुपर्ने अभियानको मुख्य माग रहेको छ । सरकारले इन्धनमा कर तथा भन्सार छुट दिने निर्णय गरे पनि त्यसको वास्तविक लाभ सर्वसाधारण उपभोक्तासम्म पुग्न नसकेको उनले बताए ।

# संकटमा नेपाली फुटबल, अन्योलमा साफ च्याम्पियनसिप सहभागिता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ बैशाख**




नेपाली फुटबलमा अहिले क भइरहेको छ ? नेपाली फुटबलको भविष्य अब के हुन्छ ? के फिफाले नेपाललाई निलम्बन गर्छ ? वा राखेपले एन्फालाई लगाएको निलम्बन फिर्ता लिएर पुरानै अवस्थाबाट एन्फाको निर्वाचन अघि बढाउन स्वीकृति देला ?

स्थगित राष्ट्रिय लिग फेरि सुरु होला त ? अनि चार खेल मात्र सम्पन्न भएर स्थगित भएको शहीद स्मारक महिला लिगको भविष्य के होला ? नेपालले आउँदै गरेको साफ महिला च्याम्पियनसिपमा भाग लिन पाउला ? नेपाली फुटबल सधैं यस्तै अन्योलमै रमाउने हो त ? कसले आएर बचाउला नेपाली फुटबल, फुटबललाई हाँक्न सक्ने व्यक्ति को होला ? नेपाली फुटबललाई लिएर अहिले यी र यस्तै प्रश्नहरू सबैभन्दा चर्चाको विषयमा छ । साँच्चै भन्दा नेपाली फुटबल अहिले सबैभन्दा अनिश्चित र अन्योलको अवस्थामा छ । नेपाली फुटबललाई यो अवस्थामा पुऱ्याउन एक वा दुई जनाको मात्र दोष छैन ।

नेपाली फुटबल प्रशासन जोडिने अभिभावक संस्था एन्फाका वर्तमान तेतृत्व देखि कार्यसमिति, एन्फाका सदस्य जिल्ला क्लब संघहरू फुटबल स्टेकहोल्डरहरू सबै कहीं न कहीं दोषी छन्, र यो सबैको मारमा भने खेलाडी परेका छन् ।

जो देशको झण्डा बोकेर सधैं नेपालको नाम राख्न दिन रात नभनी परिश्रम गरेर मैदानमा आफ्नो उत्कृष्ट प्रदर्शन गर्न सधैं तयार हुन्छ । त्यही खेलाडीहरूले खेल्दिएर संघ पदाधिकारी र देशको नाम उच्च हुन्छ । तर अहिलेको एन्फा नेतृत्व देखि सम्बन्धित सबै स्टेकोहोल्डरको कामले गर्दा खेलाडीहरू निरीह बनेका छन् । विचरा खेलाडीहरू मैदानमा विपक्षीलाई गोल ठोक्ने र विपक्षीको आक्रमणलाई रोक्ने बाहेक अरु के नै गर्न सक्छन् र ‼

अन्योल स्थिति: नेपाली फुटबल अहिले अन्योल र अनिश्चितताको भूमरीमा छ । अझ भन्दा नेपाली फुटबल अहिले गहिरो संकटको स्थितिमा छ ।

# कुलमानले गरे पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि फिर्ता लिन माग

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ बैशाख**




उज्यालो नेपाल पार्टी (उनेपा) का अध्यक्ष कुलमान घिसिङले पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि फिर्ता लिन सरकारसँग माग गरेका छन् । कर्णाली प्रदेशस्तरीय प्रथम अगुवा कार्यकर्ता भेला तथा सङ्गठन विस्तार कार्यक्रमका क्रममा आज सुर्खेत वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा उनले सरकारले कर्णालीलाई इन्धनमा भएको मूल्य वृद्धिमा विशेष सहुलियत दिनुपर्ने बताए ।

"कर्णालीमा विकट भूगोल भएकाले आफैँमा खर्चिलो छ । यहाँ बाह्य तथा आन्तरिक पर्यटकको यात्रा तथा आवागमनलाई सहज बनाउन डिजेल, पेट्रोल र ग्यासजस्ता इन्धनको मूल्य वृद्धि गर्नु हुँदैन," उनले भने, "नजिकको छिमेकी देश भारतले पनि इन्धनमा मूल्य वृद्धि नगरेको भन्दै यसमा सरकारले नागरिकमाथि मूल्य वृद्धिको भार घटाउनुपर्छ र स्तरीकरण गर्न सक्नुपर्छ ।"

दुई तिहाईको सरकारलाई काम गर्ने वातावरण बनाउन सहयोग गर्ने अध्यक्ष घिसिङले जानकारी दिए । नेपाल विद्युत् प्राधिकरणको नेतृत्व गर्दा र सरकारमा रहँदा कर्णालीको विद्युतीकरणमा र 'ट्रान्समिसन लाइन'का लागि करिब रु ३५ अर्ब लगानी सुनिश्चित गरिएको उनले जिकिर गरे । उनका अनुसार १३२ केभी प्रसारण लाइनको काम जुम्लासम्म भइरहेको छ । छोटो समयमै पार्टी गठनले त्यसको उचित व्यवस्थापन गर्न नपाउँदै चुनावमा जानुपर्ने बाध्यता भएकाले हार व्यहोर्नु परे तापनि अबको चुनावमा उनेपा ठूलो पार्टी भएर आउने र वडा तहसम्म सङ्गठन विस्तार गर्ने उनको भनाइ थियो ।

# १२ बुँदे सम्झौताको कार्यान्वयन र महँगीविरुद्ध खबरदारी: जलेश्वरमा मागपत्र पेश

**मो.इर्शाद**
**महोत्तरी, ७ बैशाख**



"राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान" द्वारा १२ बुँदे सम्झौताको पूर्ण कार्यान्वयन तथा बढ्दो महँगी नियन्त्रणको माग गर्दै जिल्ला प्रशासन कार्यालय जलेश्वरमा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव समक्ष मागपत्र पेश गरिएको छ।

मागपत्र बुझाउने कार्यक्रममा मिटर ब्याजी पीडित तथा विभिन्न पीडित समूहहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। सहभागीहरूले सरकारसँग भएका सहमति तथा सम्झौताहरू कार्यान्वयनमा ढिलाइ भएको भन्दै असन्तुष्टि जनाएका थिए। उनीहरूले तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरेका छन्।

कार्यक्रममा बोल्ने वक्ताहरूले मिटर ब्याज समस्याबाट पीडित नागरिकलाई न्याय दिन, दोषीमाथि कडा कारबाही गर्न तथा पीडितको सम्पत्ति र अधिकार संरक्षण गर्न माग गरेका थिए। साथै, बजारमा बढ्दो महँगीले सर्वसाधारणको जनजीवन कष्टकर बन्दै गएको उल्लेख गर्दै मूल्य नियन्त्रण, अनुगमन कडाइ र आवश्यक वस्तुहरू सुलभ दरमा उपलब्ध गराउन सरकारसँग आग्रह गरिएको छ।

मागपत्रमा १२ बुँदे सम्झौताका सबै बुँदाहरूलाई व्यवहारमा उतार्न, महँगी नियन्त्रणका लागि ठोस नीति ल्याउन, कालोबजारी तथा कृत्रिम अभाव सिर्जना गर्नेहरूलाई कारवाही गर्नेलगायतका विषय समेटिएका छन्। प्रमुख जिल्ला अधिकारी यादवले मागपत्र ग्रहण गर्दै सम्बन्धित निकायसम्म पुऱ्याउने र आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

यस अभियानले आफ्ना मागहरू सम्बोधन नभएसम्म चरणबद्ध आन्दोलनका कार्यक्रमहरू अघि बढाउने चेतावनी समेत दिएको छ।

# सुशासनका लागि विधिको शासन र नागरिक सहभागिता

- नयाँ सरकारसँगै नागरिकको सुशासनप्रतिको अपेक्षा उच्च भएको छ, जसका लागि विधिको शासन र नागरिक सहभागिता सुदृढ गर्नु अपरिहार्य छ । नेपालमा कानुनी संरचना बलियो भए पनि व्यवहारमा विधिको शासन र न्यायमा पहुँच अझै चुनौतीपूर्ण छ, जसलाई न्यायिक सुधार र प्रभावकारी कार्यान्वयनबाट मात्र सम्बोधन गर्न सकिन्छ । नागरिक सहभागिता औपचारिकतामा सीमित हुन नदिन सार्वजनिक सुनुवाइ, सामाजिक अडिट र डिजिटल प्रविधिको प्रयोग विस्तार गर्न आवश्यक छ, जसले मात्र पारदर्शी र उत्तरदायी शासन सम्भव बनाउँछ ।

नयाँ सरकार गठनसँगै जनताको अपेक्षा पनि उच्च बिन्दुमा पुगेको छ । राजनीतिक अस्थिरता, भ्रष्टाचार, प्रशासनिक ढिलासुस्ती र सेवा प्रवाहमा देखिएको कमजोरीका कारण नागरिकहरू सुशासनको मागमा अझ सचेत भएका छन् । यस्तो अवस्थामा सरकारले पारदर्शिता, जवाफदेहिता, विधिको शासन र प्रभावकारी सेवा प्रवाहलाई प्राथमिकतामा राख्नुपर्छ । सुशासन केवल नीतिगत घोषणामा सीमित नभई व्यवहारमा कार्यान्वयन हुनुपर्ने विषय हो, त्यसो हुँदा मात्र जनविश्वास पुनःस्थापित गर्न सक्छ र दिगो विकासको आधार तयार पार्न सक्छ । सुशासनको प्रमुख तत्त्व पारदर्शिताको विषयमा चैत २२ मा प्रकाशित 'सुशासनका लागि खुला सरकार साझेदारी' शीर्षकको लेखमा गरिसकेको छु । यहाँ विधिको शासन र सहभागिताको विषयलाई विश्लेषण गरेको छु । **विधिको शासन** विधिको शासन सुशासनको मेरुदण्ड हो । कुनै पनि लोकतान्त्रिक व्यवस्थामा कानुन सर्वोच्च हुन्छ र राज्यका सबै अंग (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका) त्यसको अधीनमा रहनुपर्छ । नेपालमा यसको संवैधानिक आधार नेपालको संविधानले स्पष्ट रूपमा स्थापित गरेको छ, जसले कानुनको समान संरक्षण, न्यायमा पहुँच र मौलिक अधिकारको सुनिश्चितता प्रदान गर्छ । तर व्यवहारमा विधिको शासनको पूर्ण कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको देखिन्छ ।

नेपालमा यसको संवैधानिक आधार नेपालको संविधानले स्पष्ट रूपमा स्थापित गरेको छ, जसले कानुनको समान संरक्षण, न्यायमा पहुँच र मौलिक अधिकारको सुनिश्चितता प्रदान गर्छ । तर व्यवहारमा विधिको शासनको पूर्ण कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको देखिन्छ । नेपालमा कानुनी समानताको सिद्धान्त भए पनि यसको व्यावहारिक प्रयोगमा असमानता देखिन्छ । धेरै अवस्थामा शक्तिशाली र प्रभावशाली व्यक्ति कानुनी दायराबाट उम्कने वा ढिलाइ गर्ने प्रवृत्ति देखिन्छ । आर्थिक र सामाजिक रूपमा कमजोर वर्ग न्याय प्राप्त गर्न संघर्ष गर्न बाध्य हुन्छन् । मुद्दा दर्तादेखि अन्तिम फैसला आउने प्रक्रियासम्म लामो समय लाग्नु, उच्च लागत र प्रक्रियागत जटिलताले सर्वसाधारण नागरिकलाई न्याय प्रणालीबाट टाढा बनाएको छ । यसले 'न्यायमा ढिलाइ गर्नु, न्यायबाट वञ्चित गर्नु हो' भन्ने सिद्धान्तलाई व्यवहारमा प्रमाणित गरिरहेको छ ।

विधिको शासन सुदृढ गर्न न्यायपालिका स्वतन्त्र, निष्पक्ष र सक्षम हुनु अत्यन्त आवश्यक हुन्छ । नेपालमा सर्वोच्च अदालत, उच्च अदालतहरू र जिल्ला अदालतहरूले न्यायिक अधिकार प्रयोग गर्छन् । तर, न्यायिक स्वतन्त्रतासम्बन्धी बहस समय-समयमा उठ्दै आएको छ, विशेषगरी न्यायाधीश नियुक्ति प्रक्रिया, राजनीतिक प्रभाव र प्रशासनिक व्यवस्थापनका विषयमा, यदि न्यायपालिका पूर्ण रूपमा स्वतन्त्र र पारदर्शी हुन सकेन भने विधिको शासन कमजोर हुने खतरा रहन्छ ।

कानुनी शासनसँग सम्बन्धित अर्को महत्त्वपूर्ण पक्ष प्रभावकारी कानुन कार्यान्वयन हो । नेपालमा राम्रो कानुन बनाइए पनि त्यसको कार्यान्वयनमा कमजोरी देखिन्छ । उदाहरणका लागि, मुलुकी अपराध संहिता २०७४ र मुलुकी देवानी संहिता २०७४ जस्ता आधुनिक कानुनी संरचनाहरू लागू भए पनि तिनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्रोत, जनशक्ति र तालिमको अभाव छ । प्रहरी अनुसन्धान प्रणाली, सरकारी वकिलको क्षमता र अदालत प्रशासन सुधार नगरी विधिको शासन बलियो बनाउन कठिन हुन्छ । अन्तर्राष्ट्रिय सूचकांकहरूले पनि नेपालमा विधिको शासनको अवस्थालाई मध्यमस्तरमा राखेका छन् । 'वर्ल्ड जस्टिस प्रोजेक्ट' द्वारा प्रकाशित 'रुल अफ ल इन्डेक्स' अनुसार नेपाल प्रायः मध्यम श्रेणीमा पर्ने गरेको छ, जहाँ विशेषगरी 'देवानी न्याय' र 'फौजदारी न्याय' क्षेत्रमा सुधारको आवश्यकता देखिन्छ । यसले न्यायमा पहुँच, भ्रष्टाचार नियन्त्रण र कानुन कार्यान्वयनको गुणस्तरमा अझै कमजोरी रहेको संकेत गर्दछ । न्यायमा पहुँच विस्तार गर्नु विधिको शासन सुदृढ गर्ने अर्को महत्त्वपूर्ण पक्ष हो । ग्रामीण क्षेत्रका नागरिकका लागि अदालतसम्म पुग्नै कठिन हुने, कानुनी सहायता नपाउने र प्रक्रियागत जानकारीको अभाव हुने समस्या व्यापक छ । यसका लागि निःशुल्क कानुनी सहायता प्रणालीलाई सुदृढ बनाउँदै नेपाल बार एसोसिएसन तथा अन्य कानुनी सहायता संस्थाहरूको भूमिका विस्तार गर्न आवश्यक छ । साथै, वैकल्पिक विवाद समाधान (एडीआर) जस्तै मेलमिलाप र मध्यस्थतालाई प्रोत्साहन गर्न सकिन्छ ।

डिजिटल न्याय प्रणाली पनि आजको आवश्यकता हो । मुद्दा दर्ता, सुनुवाइ र फैसला प्रक्रियालाई डिजिटल माध्यमबाट सञ्चालन गर्न सके मुद्दा फछ्र्योटमा तीव्रता ल्याउन सकिन्छ । पछिल्लो समय नेपालमा केही अदालतहरूले अनलाइन सेवा सुरु गरे पनि यो अझै प्रारम्भिक चरणमै छ । यसलाई विस्तार गर्दै पारदर्शी र छरितो न्याय प्रणाली निर्माण गर्न सकिन्छ । विधिको शासन केवल कानुनी संरचनाबाट मात्र सुनिश्चित हुँदैन । यसका लागि राजनीतिक प्रतिबद्धता, संस्थागत सुदृढीकरण र सामाजिक चेतना आवश्यक हुन्छ । जबसम्म सबै व्यक्ति, शासकदेखि सर्वसाधारणसम्म, कानुनभन्दा माथि कोही छैन भन्ने मान्यता व्यवहारमा स्थापित हुँदैन, तबसम्म सुशासनको आधार बलियो बन्न सक्दैन । त्यसैले नयाँ सरकारले न्यायिक सुधार, प्रभावकारी कानुन कार्यान्वयन र समान न्यायको सुनिश्चितता मार्फत विधिको शासनलाई सुदृढ बनाउनु अपरिहार्य छ । **नागरिक सहभागिता** लोकतान्त्रिक शासन प्रणालीको सार नै नागरिकको सक्रिय सहभागितामा निहित हुन्छ । कुनै पनि नीति वा कार्यक्रम जनताका आवश्यकता र आकांक्षासँग मेल खानका लागि नागरिकलाई नीति निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा समावेश गर्नु अपरिहार्य हुन्छ । नेपालमा यसको संवैधानिक आधार नेपालको संविधानले सुनिश्चित गरेको छ, जसले समावेशी लोकतन्त्र, सहभागितामूलक शासन र स्थानीय स्वायत्ततालाई प्राथमिकता दिएको छ ।

संघीय संरचना लागू भएपछि स्थानीय तहहरूमार्फत नागरिक सहभागिताका अवसरहरू उल्लेखनीय रूपमा बढेका छन् । स्थानीय सरकार सञ्चालनका लागि लागू गरिएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले योजना निर्माण, बजेट निर्धारण र कार्यान्वयन प्रक्रियामा नागरिकको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरेको छ । उदाहरणका लागि, वार्षिक योजना तर्जुमा गर्दा वडा तहमा 'वडा भेलाहरू' आयोजना गरी स्थानीय बासिन्दाको सुझाव संकलन गर्ने प्रावधान छ । तर, व्यवहारमा हेर्दा यी व्यवस्थाहरू पूर्ण रूपमा प्रभावकारी हुन सकेका छैनन् । धेरै स्थानमा नागरिक सहभागिता केवल औपचारिकतामा सीमित हुने गरेको छ । वडा भेलाहरूमा सीमित व्यक्तिहरूको मात्र सहभागिता हुने, सूचना समयमै नपुग्ने र निर्णय प्रक्रिया पूर्वनिर्धारित हुने जस्ता समस्या देखिन्छन् । यसले वास्तविक सहभागिताभन्दा 'नाम मात्रको सहभागिता' को अवस्था सिर्जना गरेको छ । विशेषगरी महिला, दलित, आदिवासी जनजाति र अन्य सीमान्तकृत समुदायको सहभागिता अझै न्यून रहेको पाइन्छ, जसले समावेशी शासनको लक्ष्यमा चुनौती खडा गरेको छ । अन्तर्राष्ट्रिय सूचकांकहरूले पनि नागरिक सहभागिताको अवस्थालाई मापन गर्छन् । वर्ल्ड बैंकको वर्ल्ड वाइड गभर्नेन्स इन्डिकेटरअन्तर्गत 'आवाज र उत्तरदायित्व' सूचकमा नेपाल मध्यमस्तरमा पर्ने गरेको छ । यसले नागरिकलाई आफ्नो विचार व्यक्त गर्ने स्वतन्त्रता भए पनि निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता अझै सीमित रहेको संकेत गर्छ । नागरिक सहभागितालाई प्रभावकारी बनाउन सार्वजनिक सुनुवाइ, सार्वजनिक परामर्श र सामाजिक अडिट जस्ता संयन्त्रहरूलाई संस्थागत र बाध्यकारी बनाउन आवश्यक छ । नेपालमा सामाजिक अडिटको अभ्यास केही क्षेत्रमा सफल देखिएको छ, विशेषगरी स्थानीय विकास परियोजनाहरूमा, तर यसको नियमितता र गुणस्तरमा अझै सुधार आवश्यक छ । यदि प्रत्येक सार्वजनिक परियोजनामा अनिवार्य सामाजिक अडिट गरियो भने पारदर्शिता र उत्तरदायित्व दुवैमा सुधार आउन सक्छ ।

नेपालमा सामाजिक अडिटको अभ्यास केही क्षेत्रमा सफल देखिएको छ, विशेषगरी स्थानीय विकास परियोजनाहरूमा, तर यसको नियमितता र गुणस्तरमा अझै सुधार आवश्यक छ । डिजिटल प्रविधिको प्रयोगले पनि नागरिक सहभागिता विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । डिजिटल सहभागिता प्लाटफर्म, अनलाइन सुझाव प्रणाली, मोबाइल एप र सामाजिक सञ्जालमार्फत नागरिकले सजिलै आफ्नो धारणा व्यक्त गर्न सक्छन् । केही स्थानीय तहहरूले डिजिटल माध्यम प्रयोग गर्न थालेका भए पनि यो अझै प्रारम्भिक चरणमै छ ।




**सांभार : कान्तिपुर ।**

# कर कडाइपछि जलेश्वर-भिट्ठामोड नाकाको ताजा अवस्था सहज




**मो.इर्शाद**
**महोत्तरी, ७ बैशाख**

भारतबाट किनमेल गरेर नेपाल ल्याइने सामानमा कडाइका साथ भन्सार शुल्क लिने व्यवस्था कार्यान्वयन गरिएपछि सीमावर्ती क्षेत्रका बसिन्दाले घरायसी सामानको खरिदमा केही सहुलियत दिनुपर्ने माग गरेका छन्।

यसअघि यस्ता साना किनमेलमा व्यवहार तः भन्सार नलाग्ने अभ्यास भए पनि नयाँ सरकारले जिम्मेवारी सम्हालेसँगै त्यसमा नियन्त्रण गर्न लागिएको जस्तो देखिन्छ। भन्सार नाकाहरूमा भइरहेको कडाइको कतिपयले विरोध गरिरहेका छन्। मधेश प्रदेशका विभिन्न सीमावर्ती क्षेत्रमा सुरक्षाकर्मीले माइकिङमार्फत् सर्वसाधारणलाई सचेत गराउँदै भारतबाट १०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा अनिवार्य रूपमा भन्सार घोषणा गर्नुपर्ने जानकारी दिइरहेका छन्। सीमावर्ती क्षेत्रमा भारतीय बजारमा गएर किनमेल गर्ने प्रवृत्ति रहँदै आएको छ। तर पछिल्लो कडाइलाई लिएर सीमा क्षेत्रका बासिन्दाहरूले मिश्रित प्रतिक्रिया जनाइरहेका छन्।

समग्रमा हेर्दा जलेश्वर-भिट्ठामोड नाका अहिले सामान्य तर सावधानीपूर्ण अवस्थाकै बीच चलिरहेको स्थानीयहरूले बताएका छन्। तुलनात्मक रुपमा महोत्तरीको नाका सहज नै छ । फैलिएको हल्ला जस्तो अवस्था छैन। अन्य जिल्लामा भएको हुन सक्छ।




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday